सुनकोशी गाउँपालिकाको

# आर्थिक ऐन, २०८१

सुनकोशी गाउँपालिका

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

बागमती प्रदेश

२०८१

CamScanner

# सुनकोशी गाउँपालिकाको

# आर्थिक ऐन, २०८१

सुनकोशी गाउँपालिका
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश
२०८१

CamScanner

# सुनकोशी गाँउपालिकाको आर्थिक ऐन, २०८१

गाउँसभाको अधिवेशनबाट स्वीकृत:२०८१/०३/१०
प्रमाणित मिति:२०८१/०३/३०

सुनकोशी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** सुनकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संबिधानको धारा २२८ को उपधारा (२) बमोजिम सुनकोशी गाउँपालिकाको गाउँ सभाको चौथो अधिवेशनले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "सुनकोशी गाँउपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल साउन १ गते देखि सुनकोशी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२) सम्पति करः** गाउँपालिका क्षेत्र भित्रको सम्पत्ति करका मुल्यांकनको आधारमा अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३) भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४) वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गाडी, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ ।

**५) व्यबसाय करः** गाउँपालिका क्षेत्र भित्रव्यपार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यबसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६) जटिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जटिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेधित गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, खुर, प्वाँख, छाला जस्ता वस्तुको



टोपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

व्यबसायिक कारोबार गरे बापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७) सवारी साधन कर:** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८) विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९) मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यबसाय सेवामा अनुसूचि (८) बमोजिम व्यबसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०) बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यबस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११) पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२) ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जीजम्प, जिपफ्लायर र न्यापिटङ शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जीजम्प, जिपफ्लायर र न्यापिटङ सेवा संचालन गरे बापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३) सेवा शुल्क दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यबस्थापन गरेका अनुसूचि (१२) मा उल्लेखित स्थानीय पुर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचि मा व्यबस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४) पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५) कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

**१६) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूचि–१**

**दफा २ सँग सम्बन्धित**

**१.सम्पत्ती कर**

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | ३ लाख सम्मको लागि | ० |
| २ | २० लाख सम्मको लागि | ० |
| ३ | ४० लाख सम्म र सो भन्दामाथी | ० |

**अनुसूचि–२**

**दफा ३ सँग सम्बन्धित**

**२. भुमि (मालपोत) कर**

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | खेत प्रति रोपनी | २० |
| २ | अन्यप्रति रोपनी | १० |
| ३ | न्यूनतमप्रति रोपनी (१ रोपनी भन्दा कम भएमा) | १ रोपनी |

**अनुसूचि–३**

**दफा ४ सँग सम्बन्धित**

**३. बहाल कर**

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | बहाल कर (बहाल तिरेको बेला) | बहाल तिरेको बेला १० प्रतिशत |
| २ | कृषि प्रयोजनको लागि जग्गा भाडा | २.५ प्रतिशत |

**अनुसूचि–४**

**दफा ५ सँग सम्बन्धित**

**४. व्यवसाय कर**

| सि. नं. | विवरण | आ.व. २०८०/८१ का लागिस्वीकृत दर |
|---|---|---|
| १ | ईलेक्ट्रीकल तथा अन्य पसल | ५०० |
| २ | छापाखाना | १००० |
| ३ | सञ्चार सम्बन्धी व्यवसाय | २००० |
| ४ | ब्यूटी पार्लर सैलुन | ५०० |
| ५ | फोटो स्टुडियो | ७५० |



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| ६ | हार्डवयर पसल | २००० |
| ७ | किचेन सामाग्री बिक्रेता (भाडाँकुडा) | ५०० |
| ८ | फर्निचर बिक्रेता | ७०० |
| ९ | काष्ठ उद्योग | १५०० |
| १० | कुटानी, पिसानी, पेलानी मिल | ५०० |
| ११ | रेडिमेड कपडा पसल | ७५० |
| १२ | स्टेशनरी पसल (मसलन्द) | ५०० |
| १३ | जुत्ता चपल पसल | ६०० |
| १४ | किराना पसल | ५०० |
| १५ | माछा मासु पसल | ७५० |
| १६ | मोटरसाईकल वर्कसप | १००० |
| १७ | पोल्ट्री फर्म | ५०० |
| १८ | टेलरीङ्ग | ७५० |
| १९ | औषधि पसल | १००० |
| २० | सिङ्गार/ चुरा पसल | ३५० |
| २१ | पेट्रोलपम्प | २००० |
| २२ | बैंक | क वर्ग १०००० र अन्य ५००० |
| २३ | सुनचाँदी पसल | २००० |
| २४ | पानी घट्टा | ० |
| २५ | खाजा तथा चिया पसल/घर | ५०० |
| २६ | लज/होम स्टे | २००० |
| २७ | होटल सहितको लज | ३००० |
| २८ | रेष्टुरेन्ट/क्याफे/होटल | १०००० |
| २९ | ग्रिल पसल/व्यवसाय | ५०० |
| ३० | संयुक्त व्यवसाय (माथि भएका एक भन्दा बढी प्रकृतिका एकै स्थानबाट पसल सञ्चालन) | १००० |
| ३१ | मदिरा पसल | १००० |
| ३२ | नयाँ रिसोट दर्ता (१५ बेड भन्दा मुनी) | ५००० |
| ३३ | नयाँ रिसोट दर्ता (१५ बेड भन्दा माथी) | १५००० |
| ३४ | अन्य | ७५० |

अनुसुचि–५
दफा ६ सँग सम्बन्धित

## ५. जटिबुटी, कवाडी र जीवजन्तु कर

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | जटिबुटी निकासी गर्दा प्रति के जी | २.५ रुपैयाँ |
| २ | कोइला निकासी प्रति के जी | २ रुपैयाँ |



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| ३ | कवाडी कर प्रति ट्रक | १००० हलुका २००० ठुला |
| ४ | अलैची कफी निकासी प्रति के जी | ० |
| ५ | काठ निकासी उतिस प्रति क्यूफिट | ५ रुपैयाँ |
| ६ | काठ निकासी सल्लो र अन्य जातप्रति क्यूफिट | ५ रुपैयाँ |
| ७ | तितेपाती/धुपिपात निकासी प्रति केजी | ३ रुपैयाँ |
| ८ | अम्रिसो प्रति मुठा | १ रुपैयाँ |

**अनुसूचि-६**

**दफा ७ सँग सम्बन्धित**

## ६. सवारी साधन कर

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर (मु.अ.क. बाहेक) |
|---|---|---|
| १ | अटो रिक्सा रुट पर्मिट | १००० रुपैयाँ राजमार्ग |
| २ | अटो रिक्सा रुट पर्मिट | १०० रुपैयाँ कच्ची |

**अनुसूचि-७**

**दफा ८ सँग सम्बन्धित**

## ७. विज्ञापन कर

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | होर्डिङ बोर्ड प्रति स्क्वायर फिट | ५० रुपैयाँ |

**अनुसूचि-८**

**दफा ९ सँग सम्बन्धित**

## ८. मनोरन्जन कर

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | सर्कस आदि मनोरन्जन प्रतिदिन | ५०० |
| २ | भिडियो सुटिङ प्रतिदिन | ५०० |

**अनुसूचि-९**

**दफा १० सँग सम्बन्धित**

## ९. बहाल बिटौरी शुल्क

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | होटल पसल व्यवसाय सञ्चालन | गा.पा.ले तोकेअनुसार |
| २ | अन्य प्रयोजन | गा.पा.ले तोके अनुसार |



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

४.५.१४

अनुसूचि–१०
दफा ११ सँग सम्बन्धित

१०.पार्किङ शुल्क

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | पार्किङ शुल्क | ० |

अनुसूचि–११
दफा १२ सँग सम्बन्धित

११. ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जीजम्प, जिवफ्लायर र न्यापिटङ शुल्क

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | न्यापिटङ प्रती डुङ्गा | २०० |

अनुसूचि–१२
दफा १३ सँग सम्बन्धित

१२. सेवा शुल्क दस्तुर

| सि. नं. | विवरण | आ.व. २०८१/८२ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | आर.सी.सी. ढलान घर प्रति वर्गफिट पिच सडकसँग जोडिएको ( नक्सापास दस्तुर) | ३ |
| २ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट कच्ची सडकसँग जोडिएको ( १५ मिटर भित्र ठूला सडक भएको) (नक्सापास दस्तुर) | २ |
| ३ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट अन्य साना सडकसँग जोडिएको (नक्सापास दस्तुर) | २ |
| ४ | आर.सी.सी. बिनाको स्क्वाएर फिट प्रति घर | २ |
| | डि,पि सि चेक गर्दाको शुल्क | २०० |
| ५ | सम्पन्न प्रमाण पत्र प्रतिलिपी | ५०० |
| ६ | नक्सापास फारम (दरखास्त पुस्तिका) | ५०० |
| ७ | नक्सापास नामसारी | ५०० |
| ८ | निर्माण सम्पन्न प्रमाणपत्र | ५०० |
| ९ | निर्माण सम्पन्न प्रमाणपत्र आंशिक | ५०० |
| १० | विभिन्न प्रकारका साधारण सिफारिस दस्तुर | ० |
| ११ | निवेदन दस्तुर | ० |
| १२ | अभिलेखिकरण शुल्क | ऐन / मापदण्ड अनुसार |
| १३ | अभिलेखिकरण शुल्क (मापदण्ड पालना नभएकाको) | ऐन / मापदण्ड अनुसार |
| १४ | अस्थायी घरको अभिलेखिकरण शुल्क | ऐन / मापदण्ड अनुसार |
| १५ | कच्ची घरको अभिलेखिकरण शुल्क | ऐन / मापदण्ड अनुसार |
| १६ | छुट जग्गा दर्ता सिफारिस | ५०० |



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष
४.५.१४

CamScanner

| | | |
|---|---|---|
| १७ | जग्गा नामसारी सिफारिस | २०० |
| १८ | जग्गा कित्ताकाट सिफारीस | ५०० |
| १९ | मोहीदर्ता तथा मोहीनामसारी सिफारिस | ० |
| २० | आयश्रोत प्रमाणित प्रति लाख | ८० |
| २१ | सम्पती मुल्यांकन प्रति लाख | ६० |
| २२ | साना घरेलु उद्योग दर्ता/नामसारी | ५०० |
| २३ | मझौला उद्योग दर्ता/नामसारी | १००० |
| २४ | ठुला उद्योग (चिरानमिल, फर्निचर उद्योग) दर्ता/ नामसारी | २००० |
| २५ | अन्य निकायबाट दर्ता हुने उद्योग दर्ताको लागि सिफारिस/नामसारी | ५०० |
| | क. अन्य व्यक्तिको लागि | ५०० |
| | ख. अपाङ्गताभएको व्यक्तिलाई ५० % छुट | २५० |
| | ग. महिलालाई २५ % छुट | ३७५ |
| २६ | डिलर लिने सिफारिस | २००० |
| २७ | माथि नखुलेका उद्योग व्यवसायका सिफारिस | ५०० |
| २८ | रकम कलम उठाइदिए वापत सयकडा | १ प्रतिशत |
| २९ | नागरिक तालिमका लागि सिफारिस | ० |
| ३० | बाहिरी जिल्लाका कर्मचारी परिवार नागरिकता/प्रतिलिपी लिनका लागि सिफारिस | १०० |
| ३१ | नागरिकताको प्रतिलिपी लिन सिफारिस | १०० |
| ३२ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| ३३ | प्रतिलिपी प्रमाणित/प्रतिलिपि दस्तुर प्रतिपाना | १० |
| ३४ | सूचनाको हक बमोजिम माग भएका सूचनाको प्रतिलिपी प्रमाणित/प्रतिलिपि दस्तुर प्रतिपाना | नियमानुसार |
| ३५ | चार किल्ला प्रमाणित (कच्ची सडक) | २०० |
| ३६ | चार किल्ला प्रमाणित पिच सडक | ५०० |
| ३७ | घरबाटो सिफारिस पिच सडक जोडिएको | ५०० |
| ३८ | घरबाटो सिफारिस कच्ची सडक जोडिएको | २०० |
| ३९ | घरबाटो सिफारिस अन्य | २०० |
| ४० | घर जग्गा कर रसिदको प्रतिलिपि | १०० |
| ४१ | घर जग्गा छुट्याउन अमिन फिल्ड जांनु पर्दा | १००० |
| ४२ | नाता प्रमाणित अंग्रेजी | ३०० |
| ४३ | नाता प्रमाणित नेपाली ( जग्गा नामसारी / बैंक प्रयोजन ) | १०० |
| ४४ | नाता सम्बन्ध खुलाएको अंग्रेजी | ३०० |
| ४५ | अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारीस | ३०० |
| ४६ | निजी स्तरका विद्यालय स्थापना तथा तह वृद्धी सम्बन्धी सिफारिस | ५००० |
| ४७ | संचार टावर स्वीकृती सिफारिस | ५००० |
| ४८ | अन्य सिफारिस प्रमाणित | ३०० |
| ४९ | व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिन भित्र आएमा निशुल्क | ० |

टपिन्द्र प्रसाद सिसलिसिना
गा.पा. अध्यक्ष



CamScanner

| | | |
|---|---|---|
| ५० | अस्पताल नर्सिङहोम दर्ता सेवा शुल्क | ५००० |
| ५१ | गैर सरकारी संस्था दर्ता सेवा शुल्क | १००० |
| ५२. | घ वर्गको निर्माण व्यवसाग्री ईजाजत पत्र (नयाँ) | १५००० |
| ५३ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नवीकरण शुल्क | ५००० |
| ५४ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नविकरण जरिवाना (सोही बर्ष आएमा) | ३००० |
| ५५ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नविकरण जरिवाना (अर्को बर्ष आएमा) | ५००० |
| ५६ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र ठाँउसारी | ५०० |
| ५७ | खानी दर्ता दस्तुर | ५०००० |
| ५८ | खानी नविकरण दस्तुर | ५००० |
| ५९ | गै. स. स. दर्ता सिफारिस दस्तुर | १००० |
| ६० | गै. स. स. वार्षिक नवीकरण सिफारिस दस्तुर | ५०० |
| ६१ | ईजाजत फर्म नामसारी (घ वर्ग) | २५००० |
| ६२ | ईजाजत फर्म ठेक्का खारेजी (घ वर्ग) | ५००० |
| ६३ | कन्सुलर सिफारिस (विदेश जान) | ० |
| ६४ | उपभोक्ता समिति, टोल विकास संस्थाले उत्खनन् गर्ने ढुङ्गा, गिट्टी, बालुवा ट्याक्टर मिनि ट्रक / टिपर / पिकअप भ्यान प्रति घन मिटर | ३०० |
| ६५ | खानी दर्ता अन्वेषण सिफारिस | ५००० |
| ६६ | क्लब/पुस्तकालय दर्ता सिफारिस/नविकरण सिफारिस | १०० |
| ६७ | बहुउद्देश्यीय सहकारी, बचत तथा ऋण सहकारी दर्ता शुल्क | ० |
| ६८ | बहुउद्देश्यीय सहकारी, बचत तथा ऋण सहकारी संस्थाको खुद बचतको आधारमा | ०.५ प्रतिशत |
| ६९ | कृषि सहकारी, अन्य सहकारी संस्थादर्ता शुल्क | ५०० |
| ७० | कृषि समूह, पशुपालन समूह, अन्य समूहदर्ता शुल्क | ५०० |
| ७१ | कृषि समूह, पशुपालन समूह, अन्य समूह नविकरण शुल्क | १०० |
| ७२ | गाउँपालिकाबाट गरिने व्यक्तिगत घटना दर्ता प्रमाणित दस्तुर | ० |
| ७३ | कक्षा थप अनुमती सामुदायीक | ० |
| ७४ | उपभोक्ता समिति दर्ता दस्तुर | ५०० संघ र प्रदेश |
| ७५ | उपभोक्ता समिति, टोल विकास संस्था दर्ता दस्तुर | १०० स्थानीय |
| ७६ | गुम्बा मठ मन्दिर-चर्च र अन्य समिति दर्ता/नविकरण सिफारिस | ० |
| ७७ | कृषि समुह दर्ता | ३०० |
| | क) नविकरण/ विलम्ब | १० प्रतिशत |
| ७८ | अन्य समुह दर्ता | ३०० |
| | क) नविकरण/ विलम्व | १० प्रतिशत |
| ७९ | उपभोक्ता समिती दर्ता सिफारिस | ३०० |
| ८० | उपभोक्ता समिती दर्ता सिफारिस पालिका बाहिर, | ५०० |
| ८१ | व्यक्तिगत घट्ना दर्ता बिलम्ब शुल्क | २०० |
| ८२ | व्यक्तिगत घट्ना दर्ता प्रतिलिपि दस्तुर | ५०० |



टपिन्द्र प्रसाद तिमिल्सिना
गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| ८३ | व्यक्तिगत घटना दर्ता किताब हेरेको | २०० |
| ८४ | होटल/रेष्टुरेन्ट बर्गाफे १५ बेड भन्दा माथी बार्षिक सेवा शुल्क | १०००० |
| ८५ | सहकारी संस्था मल बिक्रेता नवीकरण शुल्क | ३५० |
| ८६ | सहकारी बार्षिक शुल्क बचत तथा ऋण) | १००० |
| ८७ | कृषि तथा अन्य | ५०० |
| ८८ | परिक्षा दस्तुर | |
| | अधिकृत छैटौं | १००० |
| | सहायकस्तर पाचौं | ३५० |
| | सहायक स्तर चौथो | ५०० |
| | कार्यालय सहयोगी | ३०० |
| क | विलम्ब/नवीकरण | १० प्रतिशत |
| ८९ | अन्य समुह दर्ता | २०० |
| क | विलम्ब/नवीकरण | १० प्रतिशत |
| ९० | हलभाडा | |
| | गाउँपालिका प्रतिदिन | २००० |
| | वडा प्रतिदिन | ५०० |
| | विलम्ब/नवीकरण | ५०० |

अनुसूचि–१३
दफा १४ सँग सम्बन्धित

**१३. पर्यटन शुल्क**

| सि. नं. | विवरण | आ.व. २०८०/८१ का लागि स्वीकृत दर |
|---|---|---|
| १ | भ्युटावर प्रवेश शुल्क | ५० |
| २ | पौडी पोखरी | ५० |

नोट: -एम्बुलेन्स डोजर प्रयोग गरे वापतको शुल्क सम्बन्धित कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ ।

-बर्को बार्षिक बर्षमा १० प्रतिशत थप र २ बर्ष भन्दा बढी भए १५ प्रतिशत र सो भन्दा बढी बर्ष गुजरेमा थप २० प्रतिशत जरिवाना तिर्नुपर्नेछ ।

मिति:२०८१/०३/१० को गाउँसभाको अधिवेशनबाट पारित
प्रमाणित गर्ने

नाम, थर: टपिन्द्र प्रसाद तिमल्सिना
दर्जा: गाउँपालिका अध्यक्ष
हस्ताक्षर:

मिति: २०८१/०३/३०

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष